# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

डोर मुकाम, महोत्तरी


अछावे

पत्र संख्या: २०७५।७६
च.नं. : ३८

मितिः २०७५।१०।०५

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुखज्यू,
बर्दीबास नगरपालिका,
नगरपालिकाको कार्यालय, महोत्तरी ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७५।१०।२८ मा छलफल पश्चात् तयार गरिएको पाना ३० (तीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं :- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
महोत्तरी :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
महोत्तरी :- प्रतिवेदन संलग्न छ ।

(मदनकृष्ण श्रेष्ठ)
निर्देशक

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय र स्थान:–  श्री बर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।**

**आर्थिक वर्ष : २०७४।७५**

| पदाधिकारी | | अवधि | | वेरुजू रकम | पेश्की बाँकी |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| प्रमुख प्रशासकिय अधिकृत | श्री राम कुमार कार्की | २०७४/४/१ | २०७४/६/२८ | १८०६०३९२.८८ | २४७०००.०० |
| | श्री प्रदिप पौडेल | २०७४/६/२९ | २०७५/१/७ | | |
| | श्री अग्नि प्रसाद अधिकारी | २०७५/१/८ | २०७५/३/३२ | | |
| लेखा प्रमुख | ले.अ. टेकेन्द्र कार्की | २०७४/४/१ | २०७५/३/३२ | | |

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १४ वडा, ५७ सभा सदस्य रहेका छन् । ३१५.५७ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या ६६३५४ रहेको छ ।

१. **स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम बर्दिवास नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकारवाट सञ्चालन भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

## सञ्चित कोषको विवरण

**नगरपालिकाको कार्यालय**

आर्थिक वर्ष २०७४।७५

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | ४४८३४५३४.३२ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १९६२०५५९९.७५ |
| | ख) बैंक | १४८०८९५७.०० | ३ | सशर्त अनुदान चालु | ११९२३५६०१९.३२ |
| | ग) धरौटी खाता | | ४ | वहुक्षेत्रीय पोषण | १६२८६९०.१३ |
| | घ) कर्मचारी कल्याण कोष खाता | २५००००.०० | ५ | जेष्ठ नागरिक तथा दीर्घ सेवा नागरीक सम्मान | ७१७६५९९९.४७ |
| २ | कर्मचारी कल्याण कोष खाता गत वर्ष | | ६ | समाज कल्याण कार्यक्रम | ५०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपत कोष खाता गत वर्ष | १०००००.०० | ७ | एल.जि.सि.डि.पि. चालु | ८८८०००.०० |
| | मर्मत सम्भार कोष खाता | | ८ | एल.जि.सि.डि.पि.पुँजिगत | ५८३५००.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ९ | ढल प्रशोधन आयोजना | |
| | क) आन्तरिक राजस्व | १३२६५३५९.८६ | १० | पिछडिएका समुदाय उत्थान विकास | २५००००.०० |
| | ख) राजस्व बाँडफाँड | ३०७५४३४.०० | ११ | किशोरी शिक्षा | ६८९०००.०० |
| | ग) अन्य आय | | १२ | जेष्ठ नागरिक तथा दीर्घ सेवा नागरीक सम्मान | ३०७८२६८.५३ |
| ३ | **वित्तीय हस्तान्तरण** | | १३ | धरौटी फिर्ता | ३०८५००.०० |
| | क)वित्तीय समानीकरण अनुदान | ३३७०९७०००.०० | १४ | **मौज्दात** | |
| | ख) सशर्त अनुदान | २०९८५००००.०० | | क) नगद मौज्दात | |
| | ग) समपुरक अनुदान-सडक वोर्ड नेपाल | | | ख) बैंक मौज्दात | |
| | घ) अन्य निकासा | | | १. समानिकरण अनुदान (संचित कोष) | १३३६०७१२३.२४ |
| ४ | वहुक्षेत्रीय पोषण | १६७३०००.०० | | २. आन्तरिक (संचित कोष) | ७६३०८९०.९३ |
| ५ | जेष्ठ नागरिक तथा दीर्घ सेवा नागरीक सम्मान | ७७९४६०००.०० | | ३. सशर्त अनुदान (संचित कोष) | १७४९३९८०.६८ |
| ६ | समाज कल्याण कार्यक्रम | ५०००००.०० | | ४. अन्य विषयगत कार्यक्रम (संचित कोष) | ८४३३८१०.४० |
| ७ | एल.जि.सि.डि.पि. चालु | ९८८०००.०० | | ५. कर्मचारी कल्याण कोष | २५०५४५.०० |
| ८ | एल.जि.सि.डि.पि.पुँजिगत | ६००००००.०० | | ६. विपद व्यवस्थापन कोष | ६४२६१०.५४ |
| ९ | ढल प्रशोधन आयोजना | २०९३०००.०० | | ७. औषधि उपचार कोष | ५०००००.०० |
| १० | पिछडिएका समुदाय उत्थान विकास | २५००००.०० | | ८. अपाङ्ग सहयोग कोष | ३०००००.०० |
| ११ | किशोरी शिक्षा | ६८९०००.०० | | ९. सहिद घाइते वेपत्ता कोष | ३०००००.०० |
| १२ | जेष्ठ नागरिक तथा दीर्घ सेवा नागरीक सम्मान | ३०७८२६८.५३ | | १० .मर्मत सम्भार कोष | ११५०००.०० |
| १३ | जनसहभागिता (नगद) | १५७८९५५२.९२ | | ११. धरौटी मौज्दात खाता | ३२२२६०७.०० |
| १४ | धरौटी आय | ३५३११०७.५० | | | |
| | **जम्मा** | **६८५५८४६७९.८१** | **जम्मा** | | **६८५५८४६७९.३१** |

ट उप-शीर्षक:- विभिन्न    कार्यालय:- श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।    आर्थिक वर्ष:-२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
| --- | --- | --- | --- |
| | उपर्युक्त आर्थिक कारोबारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तीका लागि जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्र तथा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरुसँग मिति २०७५।१०।२८ मा छलफल गरी कायम हुन आएको व्यहोराहरु निम्नानुसार छन् : | | |
| | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । नगरपालिकाद्वारा सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने देखिन्छ । | | |
| | **कानुन निर्माण र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष नगरपालिकाले विभिन्न ८ वटा ऐन, ३ नियमावली, १७ कार्यविधी र २ वटा निर्देशिका राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन । | | |
| | **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | | |
| | **वजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ । | | |

ट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **वित्तीय प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगर स्तरीय तथा वडा स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । नगरपालिकाको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ : | | |

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ३३७०९७०००.०० | २४१०४०१३४..०७ | ७१.५० |
| २ | सशर्त अनुदान | २०९८५००००.०० | १९२३५६०१९.३२ | ९१.६६ |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | | |
| | **योजनागत लक्ष्य प्रगति** - नगरपालिकाले यस आ.व. मा सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गरी पेश नगरेकोले योजनागत प्रगति यकिन गर्न सकिएन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ । | | |
| | **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगततर्फ प्रथम चौमासिकमा खर्च नभएको, दोस्रो चौमासिकमा २.०७ प्रतिशत अर्थात रु. ४० लाख ९१ हजार र तेश्रो चौमासिकमा ९७.९३ प्रतिशत अर्थात रु. १९ करोड ३८ लाख ७९ हजार खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको ७१.२८ प्रतिशत अर्थात रु. १४ करोड ११ लाख २८ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | | |
| | **कर्मचारी व्यवस्था** - निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ८२ रहेपनि स्थायी पदपूर्ति ३२ मात्र भई ५० पद रिक्त रहेका छन । | | |
| | **बक्यौता रकम असुली** - स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्त:शुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | | |
| | **आन्तरिक आय सम्वन्धमा :** कार्यालयले यो वर्ष रु.१,३२,६५,३५९।८६ आन्तरिक आय प्राप्त गरेकोमा पालिका अन्तर्गतका १४ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले पालिकाको आयमा के कति योगदान गरेको छ एकिन हुन सकेन । अत: आगामी दिनमा कार्यालयले पालिकाका प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आय विवरण तयार गरि केन्द्रमा(पालिका) | | |

उप–शीर्षक:– विभिन्न    कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।    आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
| --- | --- | --- | --- |
| | पठाउने र पालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | | |
| | **राजस्वको अभिलेख** - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असुलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | | |
| | **राजस्वको सफ्टवेयर** : पालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको MAS (Municipality Accounting System) सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि मातहतका वडा कार्यालयहरुले हातले नै आम्दानी रसीद काट्ने गरेको देखियो । यस सम्बन्धमा आगामी दिनमा पूर्ण रुपमा सफ्टवेयर बाट रसीद काटिने पालिकाको भनाइ रहेता पनि कतिपय वडा कार्यालयमा चालु आ.व.मा समेत हातले नै रसिद काट्ने गरेबाट सफ्टवेयरको पूर्ण प्रयोग गर्न सकेको देखिएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । | | |
| | **बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको वुँदा १७ बमोजिम नगरपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति, नगरपालिका तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक गरेको देखिएन । नगरपालिकाले एकीकृत विवरण तयार गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | | |
| | **सञ्चित कोष** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेका तत्कालीन गाउँ विकास समिति तथा नगरपालिकाको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी नगरपालिका अन्तर्गत ल्याइनु पर्दछ । | | |
| | **आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मूल्याङ्कन गर्न सकिने स्थिति देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | | |

उप–शीर्षक:– विभिन्न　　कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।　　आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । नगरपालिकामा साविकका गाउँ विकास समिति तथा नगरपालिका तर्फको कर्मचारी कल्याण कोषको रु.२५००००।०० मौज्दात देखिन्छ । यसैगरी यस वर्ष नगरपालिकाले गाउँसभाबाट स्वीकृत गराई कोषमा एकमुष्ठ रु.४१०१७४६ जम्मा गरेको छ । नगरपालीकाले कोषमा जम्मा रहेको रकम रु.२९१०१७४६ मध्ये यस वर्ष रु.४०४७२।४६ खर्च गरि रु.२५०५४५।०० मौज्दात रहेको छ । ऐनले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा सो विपरीत एकमुष्ठ रुपमा रकम जम्मा गरेको देखियो । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | | |
| | **सामाजिक सुरक्षा भत्ता** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७४।७५, चं.नं. १०६४ मिति २०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकममध्ये खर्च नभई बाँकी रहेमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई यस वर्ष सामाजिक सुरक्षातर्फ रु.७७९५२०००।- बजेट व्यवस्था अनुरुप निकासा भएकोमा रु.७१७६५९९९।४७ खर्च भई बाँकी रु.६१८६०००।५३ वाँकी रहेकोमा नगरपालिकाले सञ्चित कोष फिर्ता दाखिलाको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएकोमा समयमा चेक प्राप्त नभएकाले चेक फिर्ता पठाएको पाइयो । सो रकम यस वर्षको विनियोजित रकमबाट समायोजन गर्ने भनि को.ले.नि.का. महोत्तरीवाट चेक फिर्ता भएको भन्ने कार्यालयले जानकारी दिएको छ । | | |
| | **कन्टिजेन्सी खर्च** - आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भुक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरी कन्टिन्जेन्सी बापतको रकम पूँजीगत खर्च खांतामा जम्मा गरेको नगरपालिकाको भनाई रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष कन्टिन्जेन्सी वापत रु. ३२४०९३३।९९ खर्च गरेको देखिन्छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, वैंकिंग कार्य, मर्मत लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा १.५ प्रतिशत पूँजीगत र १.५ प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ । साथै कन्टिन्जेन्सी खाता व्यवस्थित गरी खर्च गर्नुपर्ने देखिन्छ । | | |
| | **तलबी प्रतिबेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | |
| | **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट तय गरेको देखिएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा | | |

उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । | आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । नगरपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना बनाएको देखिएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान सञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | | |
| | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । सोनागढी मन्दिर, दुर्गा मन्दिर, महोदरी पोखरी, ठाडी पोखरी, गिदराही पोखरी, भरुवाही पोखरी जस्ता धार्मिक तथा पर्यटकीय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | | |
| | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | | |
| | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७४।९।२९ मा सम्पन्न नगरसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अत: तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | | |
| | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिए अनुसारको नगद जनसहभागिता नगरपालिकाको खातामा दाखिला गरे पश्चात मात्रै सम्झौता र कार्य सम्पन्न गर्ने गरेको देखियो । साथै कार्यालयबाट जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | | |
| | **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगाएतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । | | |

र उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बनधीत कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ । | | |
| | **वित्तिय समानिकरण चालु** | | |
| | **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट नगरसभाले २०७४ नगरसभाको अनुमोदन अनुसार २०७४।७५ मा स्थानीय तथा प्रोत्साहन भत्ता बापत रु.१२ लाखभन्दा बढी खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम नियन्त्रण गर्नुपर्दछ । | | |
| | **वैठक भत्ता** - प्रदेश नं. दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ ले वैठक भत्ताको व्यवस्था गरेको नदेखिएको अवस्थामा नगरपालिकाले निम्नानुसारका विभिन्न भौ.नं. तथा मितिवाट रु.११८१०००।०० बैठक भत्ता वितरण गरेको पाइयो । नगरपालिकाले प्रदेश कानुनभन्दा पहिले नगरपालिकाको निर्णय गरेर भत्ता वितरण गराएको जानकारी गराएको छ । प्रदेश कानुनले मासिक पारिश्रमिक तोकेको अवस्थामा उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु. | ११८१०००.० | |

| क्र.सं. | भौ.नं. र मिति | वडा नं. | भुक्तानी रकम | क्र.सं. | भौ.नं. र मिति | वडा | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | ५६८-०७५/३/११ | १४ | ९००००.०० | २. | ५७२-०७५/३/१३ | ७ | ३८०००.०० |
| ३. | ५७४-०७५/३/१३ | ४ | ९००००.०० | ४. | ५८१-०७५/३/१४ | ५ | ९००००.०० |
| ५. | ५८१-०७५/३/१४ | १३ | ९००००.०० | ६. | ५८४-०७५/३/१४ | १ | ९००००.०० |
| ७. | ५८५-०७५/३/१४ | १० | ९००००.०० | ८. | ५८८-०७५/३/१५ | १२ | ९००००.०० |
| ९. | ५९३-०७५/३/१५ | न.पा. | २६०००.०० | १०. | ६०४-०७५/३/१८ | ८ | २७०००.०० |
| ११. | ६०५-०७५/३/१८ | २ | २७०००.०० | १२. | ५२५-०७५/३/५ | ९ | १०५०००.०० |
| १३. | ७६०-०७५/३/३२ | न.पा. | २६८०००.०० | | | | ० |
| | | जम्मा: | ६८१०००.०० | | | जम्मा: | ४४००००.०० |
| | | | | | | कूल जम्मा: | **११८१०००.००** |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **नर्म्स भन्दा वढी भुक्तानी :** अर्थ मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ अनुसार कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । नगरपालिकाले भौ.नं.४९६ मिति ०७५।३।३ बाट सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी बापत रु.३,९७,८००।- खर्च लेखेको छ । सो कार्यक्रम मिति २०७५।२।२६ गते शनिबार विनायक होटल बर्दिवासमा सञ्चालन भएकोमा उक्त कार्यक्रममा प्रशिक्षक श्री नर बहादुर कार्कीलाई प्रशिक्षक भत्ता कर बाहेक रु.५०,०००।- तथा यातायात खर्च रु.१०,०००।- गरी जम्मा रु.६०,०००।- भुक्तानी गरेको छ । अर्थ मन्त्रालयको कार्यक्रम निर्देशिका अनुसार प्रशिक्षक भत्ता बापत रु.१,५००।- र प्रशिक्षक | ५१७००.०० | |

उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । | आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | काठमाडौंबाट आएको दैनिक भ्रमण भत्ता बापत भाडा रु.२,०००।- एवं ३ दिनको दैनिक भ्रमण भत्ता रु.४,८००।- गरी कुल रु.८,३००।- मात्र भुक्तानी गर्नुपर्नेमा रु.६८८२३।५२ भुक्तानी दिएको पाइएकोले कर कट्टा गरी बढी भुक्तानी भएको रकम रु.५१७००।०० सम्वन्धितवाट असुल गर्नुपर्ने रु. --- | | |
| | **कर कट्टी नभएको** - आयकर ऐन, २०५८ को दफा ९८ अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिमका टेन्टहाउसलाई भाडा भुक्तानी गर्दा नियमानुसार १० प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको पाइएकोले बाँकी ८.५ प्रतिशत कर रकम असूल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु --- | २८७४४.०० | |

| भौ.नं. र मिति | भुक्तानी प्रयोजन | विल संख्या | भुक्तानी | कट्टी गर्नुपर्ने | कट्टी गरेको | नपुग कर रकम |
|---|---|---|---|---|---|---|
| २६-०७४/६/२७ | दिपक टेण्ट हाउस | २ | ३८५००.०० | ३८५०.०० | ५८०.०० | ३२७०.०० |
| ३०९-०७५/१/६ | दिपक टेण्ट हाउस | ११ | २००२००.०० | २००२०.०० | ३००३.०० | १७०१७.०० |
| ३१०-०७५/१/६ | दिपक टेण्ट हाउस | २ | २९५००.०० | २९५०.०० | ४४३.०० | २५०७.०० |
| २२७-०७४/११/२८ | दिपक टेण्ट हाउस | ५ | ९५५००.०० | ९५५०.०० | ३६००.०० | ५९५०.०० |
| | | | | | जम्मा: | **२८७४४.००** |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **सशर्त चालु (शिक्षा)** | | |
| | **बढी तलब निकासा** - स्वास्थ्य मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ अनुसार स्थानीय निकायले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त दरबन्दी कायम एवं मिलान विवरण प्राप्त गरी सोको आधारमा नेपाल सरकारको वार्षिक बजेट अनुसार प्राप्त गर्ने तलब, भत्ता र अन्य सुविधा सम्बन्धित विद्यालयको खाताहरुमा निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष दरबन्दी एवं राहत शिक्षक, बालविकास एवं कर्मचारीहरुको तलब निकासा दिंदा बढी निकासा दिएको देखिएको रकम देहायका विद्यालयहरुबाट असुल गर्नुपर्ने देखिएको छ : | | |
| | श्री देउराली मा.वि.बर्दिवासमा यस आ.ब.का शिक्षक, बालविकास र कर्मचारी गरी प्रथम चौमासिकमा रु.२६,४६,२८३।६०, दोस्रो चौमासिकमा रु.१८,६४,५१६।८० र तेस्रो चौमासिक निकासा रु.२३,५२,५९८।५० गरी जम्मा रु.६८,६३,३९७।९० निकासा विद्यालय खातामा दिनुपर्नेमा गो.भौ.नं.२ र ४ बाट प्रथम चौमासिक स्वरुप रु.२६,९२,००२।२०, गो.भौ.नं.८, ९, १० र १७ बाट दोस्रो चौमासिक स्वरुप रु.१९,३६,६०८।७० र गो.भौ.नं.१८ र २१ बाट तेस्रो चौमासिक बापत रु.२२,६२,६०८।२७ गरी जम्मा रु.६८,९१,२१९।१७ निकासा दिएको पाइयो । यसरी बढी निकासा दिएको रकम रु.२७,८२१।२७ बढी व्ययभार पर्न गएकोले विद्यालय खाताबाट असुल हुने रु. --- | २७८२१.२७ | |
| २. | श्री जन जागृती मा.वि.पाटुमा यस आ.ब.मा शिक्षक, बालविकास र कर्मचारीको तलब निकासा प्रथम चौमासिक स्वरुप रु.२४,९३,२५३।९०, दोस्रो चौमासिक बापत रु.१८,९६,९२०।६० र तेस्रो चौमासिक स्वरुप रु.२२,९१,७७९।३० गरी जम्मा रु.६६,८१,९५३।८० निकासा विद्यालय खातामा दिनुपर्नेमा गो.भौ.नं.२ र ४ बाट पहिलो चौमासिकमा रु.२४,९३,२५३।९०, गो.भौ.नं.५, ६, ७ र १७ बाट दोस्रो चौमासिकमा रु.१९,०८,९२०।५० र तेस्रो चौमासिकमा गो.भौ.नं.१९ र २४ बाट | | |

उप–शीर्षक:– विभिन्न    कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।    आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | रु.२४,१०,१७८।५० गरी जम्मा रु.६८,१२,३५२।९० निकासा विद्यालय खातामा दिएको पाइएकोले रु.१,३०,३९९।१० विद्यालयमा बढी निकासा दिएको पाइयो । अत: सो बढी भुक्तानी रकम असुल हुने रु. --- | १३०३९९.१० | |
| | श्री जनता मा.वि. गौरीडाँडालाई तेस्रो चौमासिक निकासा रु.२६,८४,८४०।४० विद्यालय खातामा दिनुपर्नेमा गो.भौ.नं. १८ र २० बाट गरी रु.२८,३२,३४३।- निकासा दिएकोले रु.१,४७,५०२।६० बढी निकासा दिएको पाइयो । यसरी बढी निकासा दिएको रकम असुल हुने रु. -- | १४७५०२.६० | |
| | श्री रा.मा.वि.पशुपतिनाथ वनरझुल्लालाई शिक्षक, बाल विकास र कर्मचारीको गरी प्रथम चौमासिकमा रु.३१,७६,६३४।४० दोस्रो चौमासिकमा रु.२५,५७,९३८।४० र तेस्रो चौमासिकमा रु.२७,२१,१५०।- गरी जम्मा रु.८४,५५,७२२।८० तलब निकासा दिनुपर्नेमा प्रथम चौमासिक स्वरुप गो.भौ.नं.२, ५ र ८ बाट रु.३२,४४,१३४।३०, दोस्रो चौमासिक स्वरुप गो.भौ.नं.८, ९, १०, १२, १७ र १८ बाट रु.२५,५७,९३८।- र तेस्रो चौमासिकमा गो.भौ.नं.१८ र २१ बाट गरी रु.२७,३६,१५०।५० गरी जम्मा रु.८५,३८,२२२।८० निकासा दिएको पाइयो । यसरी बढी निकासा रु.८२,५००।- विद्यालय खाताचमा दिएको पाइएकोले उक्त बढी रकम असुल हुने रु. | ८२५००.०० | |
| | **ICT अनुदान** - कार्यालयले ICT पूर्वाधार निर्माणको लागि भनी प्रगतिशिल सामुदायिक सिकाई केन्द्र, बर्दिबासलाई गो.भौ.नं.२६ मिति २०७५।३।३१ बाट रु.२,००,०००।- रकम अनुदान दिएको पाइयो । तर सो संस्थालाई कुन प्रयोजनको आधारमा सो रकमको निकासा दिइएको हो र के के कार्य गरेको छ सोको कार्यालयले अनुगमन गरेको पाइएन । अत: सो रकमको सदुपयोग भएको छ भनी आश्वस्त हुन सकिएन । यसर्थ सोको अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश हुने रु. | २०००००.०० | |
| | **पाठ्यपुस्तक अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७४ अनुसार स्थानीय तहले वि.नि.एवं स्रोत व्यक्तिले यकिन गरेको विद्यालयका कक्षागत विद्यार्थीहरुको विवरणको आधारमा दोस्रो चौमासिकमा पहिलो किस्ता स्वरुप ७५ प्रतिशत पाठ्यपुस्तक रकम निकासा विद्यालयलाई दिने व्यवस्था छ । त्यस्तै नयाँ शैक्षिक सत्र प्रारम्भ भएपश्चात विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नामनामेसी सहितको वितरण भरपाई सहित नपुग रकम विद्यालयले माग गरे पश्चात २५ प्रतिशत रकम विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ । कार्यालयले यस वर्ष नगरपालिका अन्तर्गतका विभिन्न ५२ विद्यालयहरुमध्ये देहायका ११ विद्यालयहरुलाई थप २५ प्रतिशत पाठ्यपुस्तक बापतको निकासा भनी रु.७,००,८७४।२५ विद्यालय खातामा निकासा दिएकोमा सोको प्रमाण कागजात पेश नगरी निकासा दिएको पाइएकोले प्रमाण पेश हुने रु. -- | ७००८७४.२५ | |

| क्र.सं. | विद्यालय | रकम |
|---|---|---|
| १. | श्री जन जागृति आ.वि., बर्दिवास | २२९२९.०० |
| २. | श्री जनता मा.वि., गौरीडाँडा | १७०११८.०० |
| ३. | श्री जन जागृति मा.वि.पाटु | ९३६०३.०० |
| ४. | श्री जनआस्था आ.वि., भक्तिपुर | ९४५८.५० |
| ५. | श्री ने.रा.आ.वि., ढुङ्गे | ८६७७२.७५ |
| ६. | श्री जनज्योति आ.वि., मनहरीपुर | २९५६८.०० |
| ७. | श्री शिशु कल्याण आ.वि., डिपुटोल | ११३७३.०० |

उप–शीर्षक:– विभिन्न        कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।        आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | |
|---|---|---|
| ८. | श्री सरस्वती विद्या मन्दिर आ.वि. बेङ्खाडी | १४२०८.०० |
| ९. | श्री लक्ष्मीनारायण ज.मा.वि., खयरमारा | २२४९५०.२५ |
| १०. | श्री सेम नेपाल नमूना आ.वि., खोरटोल | १९३६८.७५ |
| ११. | श्री जनमुखी आ.वि., विजलपुरा | १८५२५.०० |
| | जम्मा: | ७००८७४.२५ |

**छात्रवृत्ति अनुदान** –. शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ अनुसार दलित छात्र छात्रा र विद्यालयमा अध्ययनरत छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी अनुसार भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि भनी विभिन्न ५२ विद्यालयहरुलाई गो.भौ.नं.२२-०७५।३।१८ बाट रु.२३,६८,८००।- निकासा दिएकोमा देहायका २८ विद्यालयले उक्त रकम सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले भरपाई कागजात एवं अनुगमन गरी प्रतिवेदन गरेको नपाइएकोले वितरण गरेको प्रमाण पेश हुने रु. --- १५,५४२००.००

| क्र.सं. | विद्यालयको नाम | छात्रवृत्ति रकम |
|---|---|---|
| १. | श्री देउराली मा.वि., बर्दिवास | १०६४००.०० |
| २. | श्री जनता मा.वि., गौरीडाँडा | १३४८००.०० |
| ३. | श्री रा.सरस्वती मा.वि., कालापानी | ४८६००.०० |
| ४. | श्री मा.वि., कामीडाँडा | ९८८००.०० |
| ५. | श्री पञ्चधुरा मा.वि., चेरु | ३७२००.०० |
| ६. | श्री ने.रा.आ.वि., ढुंग्रे | २४८००.०० |
| ७. | श्री रा.आ.वि., बरडाँडा | ३७६००.०० |
| ८. | श्री जनहीत नन्दलाल मा.वि., चौलिखा | १४७५००.०० |
| ९. | श्री रा.आ.वि., प्रेमनगर | ७९४००.०० |
| १०. | श्री मा.वि. हात्तिलेट | ९४२००.०० |
| ११. | श्री जनकल्याण आ.वि.पशुपतिनगर | ९२००.०० |
| १२. | श्री ज.आ.वि. टुटेश्वर खयरमारा | १८४००.०० |
| १३. | श्री रा.ज.आ.वि. खयरमारा भरतटोल | १४०००.०० |
| १४. | श्री सेम नेपाल नमूना आ.वि., खोरटोल बिजलपुरा | ३२८००.०० |
| १५. | श्री जन जागृति आ.वि., बर्दिवास | २८८००.०० |
| १६. | श्री जन जागृत्ति मा.वि., पाटु | ४६७००.०० |

उप–शीर्षक:– विभिन्न    कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।    आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | | | |

| | | |
|---|---|---|
| १७. | श्री रा.आ.वि., भव्सी | २७२००.०० |
| १८. | श्री रा.आ.वि.बरडाँडा | ३५६००.०० |
| १९. | श्री इच्छेश्वर मा.वि., चेरु | ६८९००.०० |
| २०. | श्री टुटेश्वरनाथ मा.वि., डिपु | ७२७००.०० |
| २१. | श्री रा.आ.वि., मनहरीपुर फुलवारी टोल | १६०००.०० |
| २२. | श्री जनज्योति आ.वि., मनहरीपुर | ३८८००.०० |
| २३. | श्री रा.आ.वि., नयाँटोल सतखोली | १२०००.०० |
| २४. | श्री दुर्गा मा.वि. धलैया बजार | ८१२००.०० |
| २५. | श्री लक्ष्मीनारायण ज.मा.वि., खयरमारा | १०६५००.०० |
| २६. | श्री रा.मा.वि. छोडके खयरमारा | ३९०००.०० |
| २७. | श्री ज.मा.वि. डाँडाटोल बिजलपुरा | ७७५००.०० |
| २८. | श्री जनमुखी आ.वि.डाँडाटोल बिजलपुरा | १९६००.०० |
| | **जम्मा** | **१५५४२००.००** |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **स्वास्थ्यतर्फ** | | |
| | **तलबी प्रतिवेदन** - स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७(क)(५) मा स्वास्थ्य सेवा अन्तर्गत कार्यरत जिल्ला स्थित कर्मचारीहरुको तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गरेर मात्रै तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस आ.ब.मा केवल बर्दिवास हस्पिटल तर्फका कर्मचारीहरुको मात्रै तलबी प्रतिवेदन पारित गरेको पाइयो । तर बाँकी सात वटा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु.१,६१,१७,५००।७७ तलब खर्च लेखेको छ । यसरी तलबी प्रतिवेदन पारित नगरेकोले कुन कुन कर्मचारीले के कति सेवा सुविधा र ग्रेड पाउने हो यकिन गर्न सकिएन । अत: ऐनमा व्यवस्था भए अनुसारको तलबी प्रतिवेदन पारित गरेर मात्रै तलब खर्च लेख्नुपर्ने देखिन्छ । | | |
| | **सट्टा विदा** - स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५५ मा हस्पिटलमा कार्यगर्ने कर्मचारीहरुले सार्वजनिक विदाको दिनमा कार्य गरे बापत सट्टा विदा पाउने व्यवस्था छ । साथै त्यस्तो विदा अर्को तीन महिना भित्र पालो मिलाई लिन सकिने र सो विदा लिननसकेको अवस्थामा जति अवधिको विदा बाँकी छ सो अवधिको तलब बराबरको रकम भुक्तानी दिइने छ भन्ने समेत व्यवस्था छ । कार्यालयले यस आ.ब.मा सट्टा विदा बापत रु.१४,९८,७७२।४० खर्च लेखेको पाइयो । तर कर्मचारीको सट्टा विदाको रेकर्ड अद्यावधिक गरी राखेको एवं सो तीन महिनाभित्र को कसले विदाको सुविधा उपभोग गरे र कति बाँकीको रकम भुक्तानी भएको हो अद्यावधिक गरेको पाइएन । अत: विद्राको अभिलेख अद्यावधिक गरी भुक्तानी दिनुपर्ने देखिन्छ । | | |
| | **बढी भुक्तानी** - स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५५(२) मा सट्टा विदाको दिनमा कार्य गरेको दिनको मात्रै विदा अवधि बाँकी रहेको अवस्थामा तलब बराबरको सुविधा उपभोग गर्न पाउने व्यवस्था छ । तर कार्यालयले गो.भौ.नं.३२ मिति ०७४।१०।८ बाट सट्टा विदाको रकम भुक्तानी भनी रु.५,४२,१४७।२० खर्च लेखेकोमा सो अवधिको हाजिरी किताब एवं अन्य | ८०१४.०० | |

उप–शीर्षक:– विभिन्न    कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।    आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | कागजात परीक्षण गर्दा देहायका पदाधिकारीहरु काजमा रहेको अवधि एवं विदा बसेको दिनको समेत सट्टा विदाको सुविधा भनी खर्च दावी गरेको पाइएकोले सो बढी भुक्तानी रकम असुल हुने रु. -- | | |

| क्र.सं. | कर्मचारी | सुविधा नपाउने दिन | सुविधा नपाउने अवधि | बढी भुक्तानी |
|---|---|---|---|---|
| १. | स्वा.सं. मिन बहादुर सेन | २ | २०७४।५।१३ र १७ | २०३४.०० |
| २. | स्टा.नर्स शर्मिला ठकुरी | ४ | श्रावण १३, १४ र आश्विन १९, २१ | २३३२.०० |
| ३. | मे.अ.राकेश यादव | २ | भाद्र १३ र २४ | २०८२.०० |
| ४. | स्टा.नर्स दुर्गा बर्लौला | २ | श्रावण १३ र १४ | १५६६.०० |
| | | | जम्मा: | ८०१४.०० |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ अनुसार प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको रकम वार्षिक आयमा गणना गरी लाग्ने कर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले देहायका करार कर्मचारीहरुको वार्षिक आय निम्नानुसार रहेकोमा सो आय वर्षमा केवल सामाजिक सुरक्षा कर बापतको रकम मात्रै कट्टा गरेको र पारिश्रमिक कर कट्टा गरेको नपाइएकोले सो रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु. --- | ३७४४६.४५ | |

| क्र.सं. | कर्मचारी | वार्षिक आय | कट्टा कर | असुल हुने कर रकम |
|---|---|---|---|---|
| १. | डा.ममता कुमारी शाह | ४६४१६१.०० | ४६४२.०० | १२४८२.१५ |
| २. | डा. रोशन कुमार दिक्षीत | ४६४१६१.०० | ४६४२.०० | १२४८२.१५ |
| ३. | डा. किशोर कुमार भण्डारी | ४६४१६१.०० | ४६४२.०० | १२४८२.१५ |
| | | | जम्मा: | **३७४४६.४५** |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **सरकारी निकाय अनुदान** - नगरपालिकाले यस वर्ष आफ्नो क्षेत्र अन्तर्गत रहेका ४ वटा नगर स्वास्थ्य केन्द्रमध्ये देहायका दुई स्वास्थ्य केन्द्रहरुलाई अनुदान भनी रु.८,५०,०००।- निकासा दिएको पाइयो । सो नगर स्वास्थ्य केन्द्रहरुलाई अनुदान दिंएको रकमबाट के के मा खर्च गर्नुपर्दथ्यो र के कस्ता कार्यक्रम सो संस्थाहरुबाट भएको छ सो सम्बन्धी नगरपालिकाबाट अनुगमन गरेको पाइएन । अत: सो संस्थाहरुले सम्झौता एवं प्रपोजल साथ पेश भए अनुसारको कार्य गरे वा नगरेको प्रमाण पेश हुने रु. - | ८५००००.०० | |
| | **बेरीतको बिल वीजक** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले तोकिएको ढाँचामा रीतपूर्वकको वीजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बर्दिवास अस्पतालको सेवा सुदृढीकरण बापत गो.भौ.नं.११४ मिति २०७५।३।२० बाट रु.४,७५,४८९।६० खर्च लेखेको छ । सो खर्चमध्ये आर्यन निर्माण सेवा बर्दिवास ( ३०५१६५०५५) को मिति २०७५।३।१५ को वीजक रकम रु.३,४०,३६२।- को खर्च दावी गरेकोमा सो फर्मको वीजकमा वीजक नम्बर हातले लेखेको पाइयो । यसरी हातले लेखेको वीजक नम्बरको मू.अ.कर रकम रु.३९,१५६।७८ सो फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरेको मू.अ.करको मासिक विवरणमा समावेश गरेको छ भनी आश्वस्त हुन सकिएन । अत: सोको मू.अ.कर समायोजन पेश हुने रु. - | ३९१५६.७८ | |

उप–शीर्षक:– विभिन्न    कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।    आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **बहुक्षेत्रीय पोषण कार्यक्रम** - यस अर्न्तगत बिभिन्न कार्यक्रम सञ्चालन गर्न रु.१६,७२,०००।- को बजेट तथा कार्यक्रम स्वीकृत भए अनुसार खर्च गरेकोमा निम्न व्यहोरा देखियो : | | |
| | **आवश्यक विवरण नखुलाई कोटेशन माग गरेको** – कार्यालयलाई आवश्यक भएको सामानको विवरण खोली कोटेशन माग गर्नुपर्नेमा कार्यालयले त्यस्ता केही बिवरण नखुलाई आपूर्तकवाट कोटेशन माग गरेको छ । १००० दिने आमाहरुलाई बितरण गर्न आवश्यक पोषण सामग्री लगायत पानी फिल्टर खरिद गर्न ३ वटा फर्महरुबाट कोटेशन माग गर्दा कार्यालयलाई आवश्यक हुने सामानको गुणस्तर तथा क्षमताको बिवरण नखुलाई कोटेशन माग गरी मालसामान खरिद गरी खर्चलेखेको स्वच्छ एवं आर्थिक पारदर्शी रुपमा सामान खरिद भयो भनेर भन्न सकिने अवस्था रहेन । कार्यालयको च.नं २०२२ मिति २०७५।३।१७ को पत्रबाट निम्न व्यहोरा खोली कोटेशन माग गरेको देखिन्छ । | | |

| सि.नं. | सामानको बिवरण |
|---|---|
| १ | पानीको फिल्टर प्रति थान |
| २ | चामल प्रति किलो ग्राम |
| ३ | गेडागुडी प्रति किलो ग्राम |
| ४ | घिउ प्रति किलो ग्राम |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **एउटै फर्मबाट खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाखभन्दा बढी रकमको एउटै फर्मबाट सोझै खरिद गर्न नमिल्नेमा कार्यालयले पोषण खाद्य सामग्री बितरण गर्न भनी न्यू डोकनिया ब्रर्दश तथा अंशु ट्रेर्डसवाट नियमावलीमा तोकिएभन्दा बढी खरिद गरी खर्च लेखेको रकम अनियमित देखिएको रु.---- | ६२८६९०/१३ | |

| भौ न र मिति | फर्मको विवरण | सोझै खरिद गर्न मिल्ने रकम | सोझै खरिद गरेको रकम | सोझै बढी खरिद गरेको रकम |
|---|---|---|---|---|
| ३/०७५/३/२७ | न्यू डोकनिया ब्रर्दश | ५०००००.०० | ९३९६९०.१३ | ४३९६९०.१३ |
| ४/०७५/३/२७ | अंशु ट्रेर्डस | ५०००००.०० | ६८९०००.०० | १८९०००.०० |
| | | जम्मा: | १६२८६९०.१३ | ६२८६९०.१३ |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **युनिसेफ किशोरी शिक्षा कार्यक्रम** | | |
| | **कर कट्टा नगरेको** – आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा भुक्तानी रकममा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.३ मिति २०७४।११।२८ बाट स्रोत व्यक्ति सुर्यनारायण दासको कार्यक्रम सञ्चालन पेश्की रकम रु.२,५२,०००।- फछ्र्यौट गरी नपुग रु.८३,०००।- खर्च समेत लेखेकोमा सामान खरिद, ढुवानी तथा अनुगमन कार्यको निम्नानुसार खर्च लेखेकोमा आयकर ऐनमा भएको व्यवस्था अनुसार कर कट्टा नगरी भुक्तानी गरेबाट उक्त रकम असुल गर्नुपर्ने रु. --- | ४९१७/५० | |

उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । आर्थिक वर्ष:–२०७४।७५

| ं. | विवरण | रकम | फछ्र्योटको विवरण |
|---|---|---|---|

| भुक्तानी विवरण | खर्च रकम | करको दर | कर कट्टा गर्नुपर्ने रकम |
|---|---|---|---|
| अनुगमन | १५०००.०० | १५ % | २२५०.०० |
| सामान ढुवानी | ५०००.०० | १०% | ५००.०० |
| स्टेशनरी लगायतका सामान खरिद | १४४५००.०० | १.५% | २१६७.५० |
| | | जम्मा: | ४९१७.५० |

**बिपद व्यवस्थापन**

**कर दाखिला नभएको** – आयकर ऐन, २०५८ अनुसार कर बापत कट्टा गरिएको रकम २५ दिनभित्र सम्बन्धित राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न खर्च बापत कट्टा गरेको आयकर रकम रु.१४,८१५।- आर्थिक वर्षको अन्तसम्ममा पनि राजस्व खातामा जम्मा नगरेबाट उक्त रकम राजस्व खातामा जम्मा गर्नुपर्ने देखिएको रु. --- **रकम: १४८१५/-**

| विवरण | रकम |
|---|---|
| आय कर | ५९१५.०० |
| भाडा कर | ३२००.०० |
| पारिश्रमिक कर | ५७००.०० |
| जम्मा: | १४८१५.०० |

**ढल निकास तथा प्रशोधन कार्यक्रम**

**प्राप्त निकासा रकम खर्च नभएको** – खानेपानी तथा सरसफाई मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्न रु.२०,९३,०००।- निकासा प्राप्त भएकोमा उक्त रकम खर्च नभएबाट सो रकम हालसम्म कार्यालयको सञ्चित कोषमा नै मौज्दात रहेको छ । यसरी तोकिएको कार्यक्रम सञ्चालन गर्न प्राप्त भएको बजेट खर्च नभएबाट उक्त रकम नेपाल सरकार सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा नगरेको रु. --- **रकम: २०९३०००/-**

**धरौटीतर्फ**

**व्यक्तिगत धरौटी खाता नराखेको** – आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार कार्यालयमा प्राप्त हुन आएको धरौटी बापतको रकमको अनुसूची-११ मा तोकिए बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अभिलेख राखी धरौटी खाता अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले व्यक्तिगत धरौटी खाता नै तयार गरेको छैन । कार्यालयले नियमावलीमा भएको व्यवस्था अनुसार व्यक्तिगत धरौटी खाता तयार गर्नुपर्दछ ।

**धरौटी फिर्ता** – धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फर्मले आयकर विवरण बुझाएको तथा मू.अ.कर समायोजन गरेको प्रमाण संलग्न गरेर मात्र धरौटी रकम फिर्ता गर्नुपर्नेमा भौ.नं.१० मिति २०७४।१०।२८ बाट सृजना ट्रेडर्सको धरौटी रकम रु.२२,५००।- फिर्ता गर्दा निवेदनमात्र संलग्न गरेको छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसारको प्रमाण कागजात बेगर धरौटी रकम फिर्ता गरेको नियमसम्मत् नदेखिएको रु. --- **रकम: २२५००/-**

| उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । | आर्थिक वर्ष:–२०७४।७५ | |
|---|---|---|---|
| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
| | **वित्तिय समानिकरण पूँजीगततर्फ** | | |
| | **महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम** - नगरपालिकाको नगरपरिषद्बाट पारित बजेटमा महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम अन्तर्गत रु.६,००,०००।- रकम विनियोजन भएको पाइयो । तर सो सम्मान कार्यक्रम अन्तर्गत क-कसलाई सम्मान गर्ने एवं के कस्तो कार्यक्रम गर्ने भनी कार्यक्रम नबनाई नगरपालिकाले प्रत्येक महिला स्वयंसेविकाहरुलाई प्रतिव्यक्ति रु.८,३३३।- का दरले रु.६,००,०००।- (७२ जना x रु.८,३३३।-) भुक्तानी दिएको भनी गो.भौ.नं.२०८ मिति २०७५।३।२० बाट खर्च लेखेको पाइयो । यसरी स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम अन्तर्गत स्पष्ट कार्यक्रम बनाई सम्मान कार्यक्रम नगरी रकम वितरण गर्दा प्रभावकारी नदेखिएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको रु. | ६०००००.०० | |
| | **नगर विकास रणनीतिक अवधारणा पत्र** - नगरपालिकाले नगरपालिकाको दूरदृष्टि, लक्ष्य र समग्र नगर विकासको रणनीतिक अवधारणापत्र तयार पार्ने भनी ब्रोड भिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक प्रा.लि., काठमाडौं (३०२२०१६६०) संग मिति २०७५।३।२४ सम्ममा अन्तिम प्रतिवेदन (Final Report) पेश गर्ने गरी मिति २०७५।२।४ मा सम्झौता गरेको पाइयो । सो सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् : | | |
| । | सम्झौताको शर्त नं.४ अनुसार सम्झौता भए पश्चात कार्यादेश सुरु गरेको मितिले १५ दिन पछि प्रारम्भिक खाका प्रतिवेदन (Inceptional Report) बुझाए पश्चात मात्रै सम्झौता रकम रु.४,९७,२००।- को ४० प्रतिशतले हुन आउने रकम पेश्की स्वरुप उपलब्ध गराउने व्यवस्था भएकोमा नगरपालिकाले सो Inceptional Report प्राप्त नभई पेश्की रकम निज फर्मलाई दिएको पाइयो । | | |
| २. | नगरपालिकाले संस्थाबाट Final Report पेश गरेको भनी बाँकी ६० प्रतिशत भुक्तानी भनी गो.भौ.नं.२८९ मिति २०७५।३।२९ बाट रु.२,९८,३२०।- भुक्तानी एवं पेश्की फछ्र्यौट रु.१,९८,८८०।- सहित जम्मा रु.४,९७,२००।- खर्च लेखेको छ। तर सो संस्थाले पेश गरेको मिति २०७५।३।२४ को वीजकको प्रतिलिपी स्रेस्ताको साथमा संलग्न रहेकोले सक्कल वीजक पेश हुनुपर्ने देखिन्छ । | | |
| ३. | ब्रोड भिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक (३०२२०१६६०) ले मिति २०७५।३।२४ मा जारी गरेको वीजकमा वीजक नम्बर उल्लेख गरेको पाइएन । अतः सो वीजकको मू.अ.कर रकम रु.५७,२००।- को मू.अ.कर समायोजन पत्र पेश हुने अन्यथा असुल हुने रु. -- | ५७२००.०० | |
| ४. | सम्झौता अनुसार ब्रोड भिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक, काठमाडौंले Final Report मिति २०७५।३।२४ मा पेश गर्नुपर्ने देखिन्छ । तर सो संस्थाले रिपोर्ट कुन मितिमा नगरपालिकामा पेश गरी दर्ता गराएको हो सोको प्रमाण संलग्न रहेको देखिएन । साथै अन्तिम प्रतिवेदनमा संस्थाले नगरपालिका लगायतका पदाधिकारीहरुको रोहवरमा परामर्श गोष्ठी सञ्चालन गरेको भनी पेश गरेको कागजातमा सो कार्यक्रम मिति २०७४।११।११ मा सम्पन्न गरेको भनी पेश गरेको छ । यसरी नगरपालिकासंग सम्झौता हुनुपूर्व नै परामर्श गोष्ठी सञ्चालन गरेको भनी प्रमाण पेश गरेको खर्च रकम नियमसम्मत नदेखिएको रु. --- | ४९७२००.०० | |
| | **प्राकृतिक स्रोत साधन व्यवस्थापन कलेजलाई जग्गा खरिद** - जग्गा प्राप्ती ऐन, २०३४ को दफा ३ अनुसार नेपाल सरकारले कुनै पनि सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहऱ्याएमा जग्गा प्राप्तीको लागि गठित समितिको निर्णय बमोजिम मुआव्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा समेत प्राप्त गर्न सक्ने व्यवस्था छ । बर्दिवास नगरपालिकाले आ.ब.२०७४।७५ को नगर सभाबाट कृषि क्याम्पसको सञ्चालनार्थ बर्दिवास आसपासको क्षेत्रमा न्यूनतम ८ (आठ) | | |

ट उप–शीर्षक:– विभिन्न   कार्यालय:– श्री बर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।   आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | विगाहा जग्गा खरिद गर्ने भनी रु.२,००,००,०००।- (दुई करोड) बजेट विनियोजन गरेको पाइयो । सोही अनुसार देहायको गो.भौ.नं. र मितिबाट निम्नानुसारको जग्गाहरु रु.१,९५,४३,०००।- मा प्राकृतिक स्रोत साधन व्यवस्थापन कलेज, बर्दिवासको नाममा खरिद गरेको पाइयो । सो सम्बन्धी व्यहोराहरु देहायबमोजम छन् : | | |

| क्र.सं. | गो.भौ.नं. र मिति | बिक्रीकर्ता | क्षेत्रफल | प्रतिकठ्ठा दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | २००-०७५/३/१९ | निर बहादुर खपाङ्गी बर्दिवास-७ | कि.नं.४५७ र ४४३ को ८ कठ्ठा | २०००००.०० | १६०००००.०० |
| २. | २०१-०७५/३/१९ | जल बहादुर खपाङ्गी बर्दिवास-७ | कि.नं.४४५, ३ कठ्ठा | २०००००.०० | ६०००००.०० |
| ३. | २०२-०७५/३/१९ | कुन्तिमाया कुँवर बर्दिवास-७ | कि.नं.२५४, ४ कठ्ठा | २०००००.०० | ८०००००.०० |
| ४. | २०३-०७५/३/१९ | किसन देवी बर्दिवास-७ | कि.नं.२५५, ११ कठ्ठा | २०००००.०० | २२०००००.०० |
| ५. | २०४-०७५/३/१९ | दिलमाया गिरी बर्दिवास-६ | कि.नं.२५६, ६ कठ्ठा | २०००००.०० | १२०००००.०० |
| ६. | २०५-०७५/३/१९ | भद्रशिला गिरी बर्दिवास-६ | कि.नं.३६४, ६ कठ्ठा | २०००००.०० | १२०००००.०० |
| ७. | २०६-०७५/३/१९ | गंगा प्रसाद उपाध्याय बर्दिवास-६ | कि.नं.३७ र ३९ को ३ विघा ६ कठ्ठा | १८००००.०० | ११९४३०००.०० |
| | | | | जम्मा | १९५४३०००.०० |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १. | शिक्षा मन्त्रालयले मिति २०७३।४।५ मा देशका विभिन्न २२ लगायतका स्थानहरुमा कृषि क्याम्पस सञ्चालन गर्नको लागि सम्भाव्यता तथा पूर्वाधार अध्ययन समितिले मिति २०७३।११।१८ मा दिएको प्रतिवेदनमा महोत्तरीको बर्दिवास अन्तर्गत क्याम्पस स्थापना गर्न सकिने भनी प्रतिवेदन दिएको पाइयो । सोही प्रतिवेदनको आधारमा कृषि तथा वन विज्ञान विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय चितवनबाट च.नं.४२५ मिति २०७४।११।५ मा वर्दिवासमा कृषि कलेज स्थापनाको लागि न्यूनतम ८ विगाहा जमिन व्यवस्थापन गरी दिन बर्दिवास न.पा.लाई पत्राचार गरेको पाइयो । यसै गरी रजिष्ट्रारको कार्यालय, चितवनबाट मिति २०७४।१२।९ को च.नं.६१५ बाट विभिन्न ११ जनाको १२ कित्ता जग्गाको नाम एवं कित्ता नम्बर समेत किटानी गरी सो जग्गा उपलब्ध गराई दिन नगरपालिकालाई पत्राचार गरेको पाइयो । यसरी जग्गाको स्थान विशेष नभई व्यक्तिको नाम तोकेर पत्राचार गरिनुले जग्गा खरिद प्रक्रिया मितव्ययी, पारदर्शी एवं स्वतन्त्र छ भन्न सक्ने अवस्था देखिएन । | | |
| २. | बर्दिवास नगरपालिकाले मिति २०७४।१२।१९मा च.नं.९९७ बाट कृषि क्याम्पसले तोकेको विभिन्न ११ जनाको जग्गाको न्यूनतम मूल्याङ्कन गरी दिनको लागि जिल्ला प्रशासन कार्यालय महोत्तरीमा पत्राचार गरेको पाइयो । सो अनुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ४ सदस्यीय समिति मिति २०७४।१२।२५ मा गठन भएको र सो समितिले विभिन्न ३ वटा बैंक (कृषि विकास, माछापुच्छ्रे र रा.बा.बैंक) हरुलाई न्यूनतम धितोको मूल्याङ्कन उपलब्ध गराई दिन आग्रह गरेकोमा बैंकहरुले न्यूनतम मूल्याङ्कनको दर मिति २०७५।१।३० मा मात्रै उपलब्ध गराएको पाइयो । साथै बर्दिवास नगरपालिका अन्तर्गत किसाननगर-७ आसपासको जग्गाको मालपोत कार्यालयले आ.ब.२०७४।७५ को न्यूनतम मूल्याङ्कन रु.१,५०,०००।- रहेकोमा सो समितिले २०७५।१।३० मा नै न्यूनतम दररेट रु.२,३७,०००।- देखि रु.३,५४,०००।- भित्र रहने गरी वार्ताद्वारा खरिद गर्न नगरपालिकालाई प्रतिवेदन पेश गरेको पाइयो । | | |
| ३. | बर्दिवास नगरपालिकाको कार्यपालिकाले २०७५।२।१७ मा ३ सदस्यीय वार्ता टोली गठन गरेको र सो वार्ता टोलीले प्रति कठ्ठा रु.२ लाखका दरले खरिद गर्न सकिने सिफारिस गरेकोमा पुन: नगरपालिकाको कार्यपालिकाद्वारा मिति २०७५।२।२७ मा अन्तिम मूल्य निर्धारणको लागि प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख र लेखा अधिकृतको समितिलाई जिम्मा दिएकोमा सो समितिले कित्ता | | |

उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । | आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | नं.३७ वडा नं.८क को १-१६-१० र कि.नं.३९ वडा नं.८क को १-९-१७ जग्गा प्रतिकठ्ठा रु.१,८०,०००।- का दरले र बाँकी जग्गा रु.२,००,०००।- मा नबढ्ने गरी खरिद गर्न सकिने भनी सिफारिस गरेको पाइयो । | | |
| | जग्गा प्राप्ती ऐन, २०३४ को दफा १० मा जग्गा प्राप्त गर्नुपूर्व सरोकारवाला व्यक्तिहरुको जानकारीको लागि १५ दिनको म्याद सहितको सार्वजनिक सूचना जारी गर्नुपर्ने व्यवस्था छ । साथै दफा १७ मा हदबन्दीभन्दा बढीको जग्गाको मुआव्जा भूमी ऐन, २०२१ बमोजिम गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले जग्गा प्राप्त गर्नुपूर्व सो म्याद हुने गरी सार्वजनिक सूचना निकालेको पाइएन । साथै खरिद गर्न लागिएको जग्गा हदबन्दी भित्रको हो या सो बाहिरको हो सो विषयमा समेत समितिले अध्ययन गरेको देखिएन । साथै सो स्थान, किसाननगरको खरिद भएको जग्गाको महोत्तरी मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन २०७४।७५ अनुसार रु.१,५०,०००।- रहेकोमा नगरपालिकाले रु.१,८०,०००।- देखि रु.२,००,०००।- प्रतिकठ्ठाको दरले खरिद गरेको पाइयो । जसले गर्दा मालपोतको न्यूनतम दररेटभन्दा रु.३२,२०,०००।- बढी भुक्तानी दिएको पाइयो । यसरी सार्वजनिक निकायबाट खरिद गर्दा समेत विस्तृत अध्ययन नगरिनु एवं सम्बन्धित जिल्लाको मालपोत कार्यालयबाट तोकिएको न्यूनतम मूल्याङ्कनभन्दा बढीको भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु. --: | ३२२००००.०० | |
| | **कार्यक्रम सम्पन्न नभएको** – कार्यालयको प्रथम नगर सभाले निर्दिष्ट गरेको तोकिएका कार्यक्रम सम्पन्न गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ । कार्यालयलाई यस वर्ष बिभिन्न कार्यक्रम सम्पन्न गर्न बजेट बिनियोजित भएकोमा निम्न कार्यक्रम सम्पन्न भएको छैन । यसरी नगरसभाले निर्दिष्ट गरेका कार्यक्रम संम्पन्न गरी लक्ष्य हासिल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | | |

| कार्यक्रम विवरण | बिनियोजित रकम |
|---|---|
| वयालवासटोलमा खानेपानी बोरिङ्ग | ५०००००.०० |
| आधारभुत बिद्यालय भाग्रे मर्मत सुधार | ४०००००.०० |
| आयोजना व्य.सेवा खर्च | ८००००.०० |
| ऐलानी जग्गाको लगत संकलन | ५०००००.०० |
| कालीमायाको घर नजिक डिप बोरिङ्ग | ५००००००.०० |
| खयरमारा बजारबाट भेटेरिनरी चोक सम्म सडक स्तरोन्नति | ७५००००.०० |
| घारीटोलमा इनार निर्माण | १५०००००.०० |
| चनौटे भ्यूटावरको डिपिआर निर्माण | ४०००००.०० |
| चारघरे सुकुम्वासी वस्तीमा इनार तथा वोरिगं निर्माण | १००००००.०० |
| चिल्ड्रेन पार्क निर्माण | २००००००.०० |
| जनता क्याम्पस भवन निर्माण | ४५०००००.०० |
| टुटेश्वर चोक देखि महादेव मन्दीर सम्म सडक निर्माण | १५००००००.०० |
| सडक कालेपत्र भप्सी सडक | १४००००००.० |

उप–शीर्षक:– विभिन्न  कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।  आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | (तलको तालिका हेर्नुहोस्) | | |

| | |
|---|---|
| नगर प्रोफाइल | ५०००००.०० |
| नगर स्वास्थ्य केन्द्र | ५०००००.०० |
| पत्रकार सम्मान कोष | ३०००००.०० |
| पर्यटक क्षेत्रको गुरुयोजना निर्माण | १२०००००.०० |
| प्रा बि पंचधुराको अधुरो भवन निर्माण | ५०००००.०० |
| बुद्धचोकको पोखरी सडक स्तरोन्नति | ३००००००.०० |
| बाकेटोलको डिप वोरिग | ५००००००.०० |
| भवन निर्माण र खरिद | ५००००००.०० |
| ड्रेन निर्माण | २००००००.०० |
| मा बि छोडके मर्मत | ३०००००.०० |
| माई मन्दिर सडक स्तर उन्नति | ५००००००.०० |
| योग प्रशिक्षण कार्यक्रम | ५०००००.०० |
| पथलैया वजार सडक स्तर उन्नति | ११२५०००.०० |
| रानाटोल पाखरी मर्मत | २०००००.०० |
| लघु उद्यमी सहयोग कोष | ५०००००.०० |
| बिजय पोखरी मर्मत | ३७५०००.०० |
| बिद्युतिय सामाग्री खरिद | ५००००००.०० |
| बिभिन्न कोषहरुको स्थापना | १५०००००.०० |
| खानेपानी पाईप खरिद | १५०००००.०० |
| सुकुम्वासी भूमिबिहिन लगत संकलन | ४०००००.०० |
| समपुरक कोष | ५६२५०००.०० |
| सामुदायिक घर निर्माण | ८०००००.०० |
| सामाजिक स्वास्थ्य बिमा तथा अक्षय कोष निर्माण | ५०००००.०० |
| जम्मा: | **८६९५५०००.००** |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **वृतचित्र निर्माण** – कार्यालयको गतिबिधि सम्बन्धी बृतचित्र तयार गर्न इनोभेटिभ मिडिया एलाइन्स प्रा.लि.संग रु.५,००,०००।- को लागतमा भएको सम्झौता अनुसार बृतचित्र राष्ट्रिय स्तरको टेलिभिजनमा प्रसारण गर्नुपर्ने व्यवस्था भएकोमा बृतचित्र टेलिभिजनमा प्रसारण भएको प्रमाण बेगर खर्च लेखेको रु. --- | ५००,०००/- | |
| | **तलव खर्च** – पूँजीगतको वजेटवाट चालु खर्चबाट लेखिनु पर्ने तलव खर्च समेत यस पूँजीगत शीर्षकबाट खर्च लेखेको छ । नगरसभाबाट बजेट बिनियोजन हुँदा पूँजीगत कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था भएकोमा उक्त बजेट रकम बिद्यालयका | | |

उप–शीर्षक:– विभिन्न      कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।      आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | शिक्षकको तलव खर्चमा निकासा दिई खर्च लेखेको छ । यसरी पूँजीगत बजेटबाट चालु प्रकृतिको तलव खर्च लेख्न नमिल्नेमा तलव खर्च लेखेको नियमति नदेखिएको रु. -- | २१,००,०००/- | |

| सि नं | बिद्यालयको नाम | खर्च रकम |
|---|---|---|
| १ | रा.नि.मा.बि. अधुरो भवन | ६०००००.०० |
| २ | जनजागृति मा.बि. | ५०००००.०० |
| ३ | टुटुश्वरनाथ मा.बि. | ३०००००.०० |
| ४ | राष्ट्रिय मा.बि. खयरमारा | ३०००००.०० |
| ५ | लामीवास आधारभुत माग्रे | ४०००००.०० |
| | जम्मा: | २१०००००.०० |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **बढी भुक्तानी** – आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.८८ मिति २०७५।३।२० बाट वडा नं.५ ढुंग्रेमा खानेपानी बोरिङ्गको प्रथम बिल अनुसार रु.३,१२,०००।- को मूल्याङ्कन भएकोमा रु.३,४३,५२०।- भुक्तानी गरेबाट बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. -- | ३१५२०/- | |
| | **कर बीजक नभएको** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले बस्तु वा सेवा बिक्रि गर्दा तोकिएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराउँदा उपभोक्ता समितिले निर्माण सामग्री खरिद गरेको भनी निम्न निर्माण व्यवसायीबाट निर्माण सामग्री तथा पानी ढुवानी गरेको बिल संलग्न गरी खर्च लेखेको छ । यसरी मू.अ.कर ऐन अनुसार दर्ता भएको व्यक्तिले मू.अ.कर वीजक जारी गर्नुपर्नेमा सादा बिल जारी गरेको सम्बन्धमा आवश्यक छानबिन गर्नुपर्ने देखिन्छ । | | |

| भौ न र मिति | योजनाको नाम | निर्माण व्यवसायी | आयकर दर्ता नम्वर | बिल रकम |
|---|---|---|---|---|
| ८९/०७५/२/२० | पाटुचोक सिमलवोट सडक स्तर उन्नति | कमलामाई भुजेल कन्स्ट्रक्सन | ६०२४३६७८८ | ६५३५००.०० |
| १२४/०७५/३/१ | रक्षा सुन पसल सडक स्तरउन्नती | जय वजरैग ग्राभेल उद्योग | ३०१४१९८७९ | ७५३०००.०० |
| २११/०७५/३/२० | भव्सी खानेपानी मर्मत | पबित्र कन्स्ट्रक्सन प्रालि | ६०४२७५४२० | ५४०००.०० |
| १७०/०७५/३/१३ | पाटुचोक सडक कल्भर्ट | पबित्र कन्स्ट्रक्सन | ६०४२७५४२० | ९१५००.०० |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | **Non Filer** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा १८(१) अनुसार दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर रकम स्वयम निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समितिले निर्माण सामग्री खरिद बापत निम्न निर्माण व्यवसायीको कर वीजक पेश गरेकोमा उक्त निर्माण व्यवसायीले निम्न अवधिको कर विवरण नबुझाएको कारण आन्तरिक राजस्व बिभागको वेभ | ६८१८०.०० | |

उप–शीर्षक:– बिभिन्न　　कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।　　आर्थिक वर्ष:–२०७४।७५

<table>
<tr><th>सं.</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>साईट अनुसार Non Filer देखिएबाट उपभोक्त समिति मार्फत निर्माण व्यवसायीलाई मू.अ. कर भुक्तानी भएको रकमको कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने देखिएको रु. -

<table>
<tr><th>भौ न र मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th><th>मू.अ. कर रकम</th></tr>
<tr><td>८९/०७५/३/२०</td><td>पाटुचोक सिमलवोट सडक स्तर उन्नति</td><td>५९२६४५.००</td><td>६८१८०.००</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td></td><td>जिन्सी दाखिला – [illegible] बिभिन्न बिद्यालयलाई बाल उद्यान निर्माण गर्न बिभिन्न बिल भरपाईको आधारमा खर्च लेखेकोमा बिद्यालयले उक्त रकमको निर्माण कार्यको साथसाथै कम्प्युटर लगायतका सामान खरिद गरेको बिल संलग्न गरेकोमा उक्त पूँजीगत प्रकारको मालसामानको बिद्यालयमा जिन्सी दाखिला गरेको प्रमाण हुनुपर्नेमा सो बेगर खर्च लेखेबाट उक्त मालसामानको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. -

<table>
<tr><th>भौ न र मिति</th><th>बिद्यालयको नाम</th><th>सामानको बिवरण</th><th>खरिद रकम</th></tr>
<tr><td>१२२/०७५/२/३१</td><td>प्रसाहीधाप बाल उद्यान</td><td>Computer</td><td>६४०००.००</td></tr>
<tr><td>१२३/०७५/२/३१</td><td>नि मा बि भप्सी</td><td>Computer/Printer</td><td>६६०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३००००.००</td></tr>
</table>
</td><td>१३००००.००</td><td></td></tr>
<tr><td></td><td>नक्कली कर वीजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(१) अनुसार दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै वीजक जारी गर्न र कर उठाउन हुदैन । कार्यालयले विभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिले बिभिन्न निर्माण सामग्री निम्न निर्माण व्यवसायीबाट खरिद गरेको भनी वीजक पेश गरेकोमा उपभोक्ता समितिले पेश गरेको निम्न निर्माण व्यवसायीको कर वीजकमा उल्लेखित आयकर दर्ता नम्वर अर्के निर्माण व्यवसायीको नाममा दर्ता भएको देखिंदा उपभोक्त समितिले पेश गरेको कर वीजक सही नभएको देखिंदा सोको सम्वन्धित निकायवाट छानबिन हुनुपर्ने देखिएको रु.

<table>
<tr><th>भौ न र मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>वास्तविक नाममा दर्ता भएको फर्म</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२४/०७५/३/१</td><td>रक्षा सुन पसल सडक स्तर उन्नती</td><td>भण्डारु सप्लायर्स ३०१४२२५९८</td><td>श्री गणेश ट्रान्सपोर्ट</td><td>१२१४३२७.३८</td></tr>
</table>
</td><td>१२१४३२७.३८</td><td></td></tr>
<tr><td></td><td>कार्यक्रम फरक पारी खर्च लेखेको – नगर सभाले निर्दिष्ट गरेका कार्यक्रम अनुसार बजेट खर्च गर्नुपर्दछ । कार्यालयले भौ.नं.२१३ मिति २०७५।३।२० बाट आधारभूत तह कक्षा ८ को परीक्षा सन्चालन तथा व्यवस्थापन खर्च भनी स्रोत व्यक्ति सूर्यनारायण दासको निवेदनानुसार रु.२,४२,०९१।- खर्च लेखेको छ । यस प्रकारको खर्च लेख्न कार्यक्रम स्वीकृत नभएकोमा कार्यालयले समाजवादी अध्ययन केन्द्र स्थापनाको लागि बिनियोजन भएको बजेटवाट खर्च लेखेको छ । यसरी एउटा कार्यक्रम सन्चालन गर्न बिनियोजन भएको बजेटबाट अन्य कार्यको खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

<table>
<tr><th>खर्चको बिवरण</th><th>खर्च लेखेको रकम</th></tr>
<tr><td>कापी परीक्षण खर्च</td><td>१०२३१२.००</td></tr>
<tr><td>कापी खरिद</td><td>६०३००.००</td></tr>
<tr><td>प्रश्न पत्र छपाई</td><td>२८०००.००</td></tr>
</table>
</td><td>२४२,०९१/-</td><td></td></tr>
</table>

ट उप–शीर्षक:– विभिन्न     कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।     आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्योटको विवरण |
|---|---|---|---|
| | ग्रेड सिट। सफ्टवेयर खरिद — ४००००.००<br>अन्य बिबिध — ११४७९.००<br>जम्मा: २४२०९१.०० | | |
| | **कार्यक्रम पछीको विल –** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । भौ.नं.२१६ मिति २०७५।३।२२ बाट कार्यालयले कम्प्युटर इन्जिनियर सोम कुमार फुयालले डकर्मी तालिम सञ्चालन गर्न लिएको पेश्की रु.२,९८,०००।- मध्ये बिभिन्न बिल भरपाई रु.३,२९,३००।- समेतको खर्च लेखेकोमा पेश्कीभन्दा बढी खर्च भएको नपुग रकम कार्यालयले आयोजना व्यवस्थापन खर्च लेखेको छ । यसरी कार्यक्रममा तोकिएभन्दा रु.३१,३००।- बढी खर्च लेखेको छ भने तालिम सञ्चालन भएको अवधि २०७५।२।२७ देखि २०७५।३।३ सम्म मात्र भएकोमा जानकी होटलको बिल नं.४३२ मिति २०७५।३।५ को बिल संलग्न गरी रु.१३,६६०।- खर्च लेखेबाट कार्यक्रम समाप्त भए पछीको बिलको खर्च-लेखेको रकम असुल गर्नुपर्ने रु. -- | १३,६६०/- | |
| | **बिल भरपाई नभएको –** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । कार्यालयले भौ.नं.२७३ मिति २०७५।३।२८ बाट दलित बिपन्न जेहेन्दार छात्राबृति कोषको बजेटबाट जनता मा.बि. गौरीडाडालाई रु.२,००,०००।- छात्राबृति बापत निकासा दिएको पाइयो । यसरी बिद्यालयलाई निकासा गरेको छात्राबृति रकम सम्वन्धित विद्यार्थीहरुलाई बितरण भएको प्रमाण बेगर खर्च लेखेको रु. | २००,०००/- | |
| | **निर्माण कार्यमा इटाको प्रयोग एवं खरिद –** निर्माण कार्यको लागि स्वीकृत नर्म्स अनुसारको निर्माण सामानको खरिद एवं प्रयोग हुनुपर्दछ । कार्यालयले भौ.नं.६७ मिति २०७५।२।९ बाट कालापानी पिकनिक स्पोर्ट तथा पोखरी निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराई प्रथम बिल अनुसार रु.११,४०,०००।- खर्च लेखेकोमा सोमध्ये ईटाको काम वापत ३९.७३१ घ मी कार्य गर्न प्रति घ.मी. को लागि इटा ५६० गोटाका दरले २२२५० गोटा ईटा आवश्यक पर्नेमा उपभोक्ता समितिले राधाकृष्ण फिक्स ईटा उद्योगको बिल अनुसार १४००० गोटा ईटा खरिद गरेको रु.१,३१,०८०।- को विल संलग्न गरेको छ । उक्त निर्माण कार्य गर्न नर्म्स अनुसार चाहिनेभन्दा ८२५० इटा घटी खरिद भएकोमा समेत कार्यालयले पुरै परिमाण निर्माण कार्य भएको भनी भुक्तानी गरेको छ । | | |
| | **जाली खरिद तथा प्रयोग –** निर्माण कार्यको लागि स्वीकृत नर्म्स अनुसारको निर्माण सामानको खरिद एवं प्रयोग हुनुपर्दछ । कार्यालयले भौ.नं.२७९ मिति २०७५।३।२८ बाट कालापानी राजावास सडक स्तरौन्न्ती कार्यको अन्तिम बिल अनुसार उपभोक्ता समितिको सहभागिता समेत रु.३२,४०,५९८।- खर्च लेखेकोमा ग्याबिन जाली बक्स २.१.१ को ५५ गोटा जाली खरिदमा २३१,०००।- तथा ११० घ मी ढुंगा भरेको भनी रु.१,१०,०००।- समेत खर्च लेखेकोमा उपभोक्ता समितिले पेश गरेको निर्माण सामान खरिदको बिल अनुसार कमलामाई सार्थक निर्माण प्रा.लि.बाट २.१.१ साईजका ३२ थान जाली खरिद गरेको बिल पेश गरेको भए तापनि ५५ थान गोटा जाली भरेको भनी निर्माण कार्यको बिलमा जाली खरिद तथा ढुंगा भर्ने कार्यको पुरै भूक्तानी गरेको छ । | | |
| | **विद्युतीय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले नि:शुल्क रुपमा उपलब्ध गराई नगरपालिकाहरुले Sub National Tresury Regulatory application | | |

उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री बर्दिबास नगरपालिकाको कार्यालय, महोत्तरी। आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा भएको व्यवस्था बमोजिम यस वर्षदेखि SUTRA प्रयोगमा ल्याई आर्थिक कारोबार लेखाङ्कन गरेको देखियो । महालेखा नियन्त्रक कार्यालयले लेखा प्रणालीलाई व्यवस्थित र एकीकृत गर्ने उद्देश्यले SUTRA प्रयोगमा ल्याएको भए तापनि Software सञ्चालनमा विभिन्न कमजोरी देखिएको कारण कार्य गर्न कठिनाई भएको कार्यालयले जानकारी दिएको छ । स्वीकृत बजेट SUTRA मा अनुमान गरी सकेपछि सो शीर्षकमा खर्च लेख्दा बजेट निकासालाई आधार नमानी कुल स्वीकृत बजेटलाई हेरेर खर्च लेख्ने अवस्था भएकोले मौज्दात नहुँदा समेत चेक काटिरहने अवस्था रहेको, एकीकृत आय-व्यय विवरणमा आम्दानी र खर्च तथा बाँकीको यथार्थ विवरण स्रोतगत उपलब्ध नभएको, पूँजीगत र चालु खातामा बाहेक विभिन्न अन्य खर्च खाताहरु जस्तै विभिन्न कोषहरुको खर्च खाता, धरौटी अभिलेख खाता, ग-४-२ विभाज्य कोषको विवरण राख्ने खाता आदिको विवरण समेट्ने गरी सफ्टवेयरमा व्यवस्था नभएको, SUTRA ले राजस्वको अभिलेख राख्ने भए तापनि Multiple User को व्यवस्था नहुँदा राजस्वतर्फ छुट्टै सफ्टवेयर लागू गर्नु परेको जस्ता समस्याहरु SUTRA कार्यान्वयको क्रममा देखिएको कार्यालयको भनाई रहेको छ । यस सम्बन्धमा तालुक निकायले अनुसन्धान गरी सफ्टवेयरको कमी कमजोरी घटाउनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| | **अनुसन्धान तथा परामर्श** - नगर सभाबाट स्वीकृत कार्यक्रममा बजेट खर्च गर्नुपर्दछ । यस वर्ष नगर सभाले पूँजीगत अनुसन्धान, परामर्श, कार्यविधि तथा प्रबर्द्धनात्मक कार्यक्रमको लागि कार्यक्रम छनौट नगरी एकमुष्ट रुपमा आन्तरिक स्रोतबाट रु.२२,९०,०००।- तथा समानीकरण अनुदानबाट रु.३७,८०,०००।- समेत रु.६०,७०,०००।- बजेट विनियोजन गरेकोमा डेंगु नियन्त्रण कार्यक्रम, सांस्कृतिक कार्यक्रमको लागि आर्थिक सहयोग, देउसी भैलो कार्यक्रमको लागि बाद्यवादन खरिद, विभिन्न खेलकुद प्रतियोगितामा आर्थिक सहयोग, फोहोर मैला व्यवस्थापन, विभिन्न तालिम सञ्चालन लगायतको कार्यमा रकम खर्च गरेको देखियो । नगर सभाबाट एकमुष्ट रकम अवण्डा राखी पटके निर्णयको आधारमा रकम खर्च गर्नु उपयुक्त होइन । अत: एकमुष्ट बजेट अबण्डा नराखी कार्यक्रम छनौटको आधारमा बजेट विनियोजन गर्नेतर्फ कार्यालयको विशेष ध्यान जानुपर्दछ । | | |
| | **अध्ययन केन्द्र स्थापना** - नगर सभाबाट यस वर्ष समाजवादी अध्ययन केन्द्र स्थापनाको लागि रु.२,७५,०००।- बजेट विनियोजन गरेकोमा कार्यालयले बर्दिवास साहित्यीक सांस्कृतिक प्रतिष्ठानलाई बर्दिवास साहित्यीक सांस्कृतिक उत्सव, २०७५, सञ्चालन बापत भनी गो.भौ.नं.२३९ मिति २०७५।३।२५ मा रु.२,७५,०००।- भुक्तानी गरेको देखियो । स्वीकृत कार्यक्रमको उद्देश्य विपरीतको कार्यमा रकम खर्च लेखेको नियमसम्मत् मान्न नसकिएको रु. --- | २७५०००.०० | |
| | **फोहोर मैला व्यवस्थापन** - नगरपालिकाको कार्यालयले सार्वजनिक निजी साझेदारी अन्तर्गत नगरपालिका क्षेत्र भित्रका सबै व्यापारिक तथा आवासीय क्षेत्र, संस्थागत क्षेत्र तथा नगर क्षेत्रका घर धुरी समेतबाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गर्न मिति २०७३।४।१० मा सूचना प्रकाशन गरी आशयपत्र माग गरी प्राप्त चार आशयपत्रमध्ये ग्रिन एण्ड क्लिन सिटी सर्भिस प्रा.लि.हेटौंडा (३०३६७९६६०) संग मिति २०७३।६।६ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसार साझेदार संस्थाले नगर क्षेत्रको फोहोर संकलन गरी उचित व्यवस्थापन गर्नुपर्ने, नगरपालिका अन्तर्गतका वडाहरुमा रङ्गमा आधारित हरियो, रातो र निलो रङ्गको सेग्रीगेशन बिन राख्नुपर्ने, सेवा उपलब्ध गराए बापत सेवाग्राहीहरुबाट कानूनको अधिनमा रही नगरपालिकाले तोकेको सेवाशुल्क संकलन गर्न पाउने, त्यस्तो सेवा शुल्क संकलन गर्दा कार्यालयबाट आधिकारीक रुपमा प्रमाणित नगदी रसीद प्रयोग गर्नुपर्ने, यसरी संकलित सेवा शुल्क सोही महिनामको मसान्तभित्र नगरपालिकाको खातामा दाखिला गर्नुपर्ने र नगरपालिकाले उक्त | | |

ट उप–शीर्षक:– विभिन्न　　कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।　　आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | रकमको अभिलेख राखी साझेदार संस्थालाई अर्को महिनाको पहिलो हप्ताभित्र उपलब्ध गराउने सम्झौता गरेको देखियो । | | |
| | सम्झौता अनुसार साझेदार संस्थालाई कार्यालयले पहिलो वर्ष मासिक रु.१ लाख, दोस्रो वर्ष मासिक रु.७५,०००।-, तेस्रो वर्ष मासिक रु.५०,०००।-, चौथो वर्ष मासिक रु.२५,०००।- र अन्तिम पाँचौं वर्ष एकमुष्ट रु.१,५०,०००।- उपलब्ध गराउने उल्लेख छ । सोही अनुसार यस वर्ष कार्यालयले मासिक रु.७५,०००।- दरले रु.९,००,०००।- भुक्तानी गरेको देखियो । नगरपालिकाले सम्झौता अनुसारको अनुदान रकम उपलब्ध गराए तापनि साझेदार संस्थाको तर्फबाट सम्झौताका अन्य शर्तहरु पालना गरेको देखिएन । सेवा शुल्क संकलनको नगदी रसीद कार्यालयबाट प्रमाणित गरेको देखिएन भने साझेदार संस्थाले संकलित रकम नगरपालिकामा जम्मा गर्ने गरेको समेत नदेखिएबाट सेवा शुल्क बापत हालसम्म कति रकम उठ्यो यकिन गर्न सकिएन । साझेदार संस्थाले सम्झौता अनुसार हालसम्म पनि सेग्रिगेशन विन राखेको समेत देखिएन । सम्झौता अनुसार कार्य सम्पादन नगरेमा कार्यालयले १ महिनाको पूर्व सूचना दिई सम्झौता रद्द गर्न सक्ने गरी सम्झौता गरेकोमा नगरपालिकाले सो सम्बन्धमा कारबाही अगाडि बढाउनु पर्ने देखिन्छ । | | |
| | नगरपालिकाले ट्रिपर समेत उपलब्ध गराई साझेदार संस्था मार्फत कार्य गरेकोमा साझेदार संस्थाले हालसम्म के कति सेवा शुल्क आर्जन गर्यो सो रकम यकिन गर्नुपर्दछ । साथै संकलित रकममा नगरपालिकाको हिस्सा समेत हुने गरी सम्झौता पुनरावलोकन गर्नुपर्ने देखिन्छ । अत: सम्झौताका शर्तहरु अक्षरश: पालनाको लागि साझेदार संस्थालाई सम्झौता अनुसार ताकेता गरी सम्झौता बमोजिम कार्य सञ्चालन गराउने अन्यथा उक्त संस्थासांगको सम्झौता रद्द गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | | |
| | **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने उल्लेख छ । नगरपालिकाले यस वर्ष जिल्ला ट्राफिक कार्यालय महोत्तरीको लागि डेल कम्प्युटर I5 १ थान खरिद बापत New ERA Computrer बर्दिवासलाई रु.७१,९८१।- भुक्तानी गरेको नियमसम्मत् देखिएन । साथै उक्त कम्प्युटर ट्राफिक कार्यालयले जिन्सी आम्दानी समेत गरेको नदेखिएकोले उल्लेखित प्रमाण पेश गरी खर्च रकम नियमित गर्नुपर्ने रु. --- | ७१९८१.०० | |
| | **ब.उ.शी.नं. ३६५०१५३ सामाजिक सुरक्षा कार्यक्रमतर्फ** | | |
| | कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । दफा १८(क) मा भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नुपर्ने, दफा १८(ग) मा सो प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था रहेको छ । यस नगरपालिकामा १४ वटा वडा संख्या रहेकोमा आ.ब.२०७४।७५ मा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नामावली विद्युतीय अभिलेख (MIS) सिष्टममा आंशिक रुपमा प्रविष्टि गर्ने गरेको छ । पेश भएसम्मको स्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् : | | |
| | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद १(३)(च) मा जेष्ठ नागरिक भन्नाले अनुसूची-१ मा उल्लेख भएका दलित नागरिकका हकमा ६० वर्ष उमेर पूरा भएका एवंम् अन्य नागरिकका हकमा ७० वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई जनाउने उल्लेख छ । त्यस्तै परिच्छेद १(४)(ख) मा जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भए उल्लिखित महिनाको मसान्त र सालमात्र खुलेको भए सो सालको चैत्र मसान्तलाई आधार मानी जन्म मिति गणना गरिने उल्लेख | | |

ट उप–शीर्षक:– विभिन्न　　कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।　　आर्थिक वर्ष:–२०७४।७५

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | भएकोमा यस नगरपालिकाका १ देखि ७ र १४ वडाले ३ वटै चौमासिकमा जन्म मिति नखुलाई जेष्ठ नागरिकलाई भत्ता वितरण गरेकोले जन्म मिति गणना गर्न सकिएन । कार्यालयले छानबिन गरी जन्ममिति नपुगेकालाई वितरण गरे नगरेको यकिन गर्नुपर्दछ । | | |
| २. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद १(३)(च) मा जेष्ठ नागरिक भन्नाले अनुसूची-१ मा उल्लेख भएका दलित नागरिकका हकमा ६० वर्ष उमेर पूरा भएका एवंम् अन्य नागरिकका हकमा ७० वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई जनाउने उल्लेख छ । त्यस्तै परिच्छेद १(४)(ख) मा जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भए उल्लिखित महिनाको मसान्त र सालमात्र खुलेको भए सो सालको चैत्र मसान्तलाई आधार मानी जन्म मिति गणना गरिने उल्लेख छ । यस नगरपालिकाका निम्न वडा कार्यालयले उमेर नपुगेका निम्नानुसारका जेष्ठ नागरिकलाई भत्ता वितरण गरेको रु.३२,०००।- असुल गर्नुपर्ने रु. --- | ३२०००.०० | |

| भौ.नं. र मिति | वडा नं. | लाभग्राहीको नाम | जन्म मिति | ७० वर्ष पुग्ने मिति | वितरण रकम | नपाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२-०७४/१२/२९ | १ | जेष्ठ ना. फत्यबहादुर | २००४ साल | ०७४/१२/३० | २४०००.०० | २४०००.०० | ~~३ वटै किस्ता~~ |
| १९-०७५/१/२६ | १० | जेष्ठ ना.बिबा तामाङ्ग | २००७ साल | ०७७/१२/३० | ८०००.०० | ८०००.०० | |
| | | | | | जम्मा: | ३२०००.०० | |

| नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| . | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद १ दफा ४(घ) मा बालबालिकाको हकमा जन्म दर्ता प्रमाण पत्रमा उल्लिखित उमेरलाई आधार लिइने र उमेरको गणना गर्दा जुन महिनमा ५ वर्ष उमेर पुग्ने हो सो महिनाको पूरा अवधि गणना गरी उक्त महिनाको पूरा भत्ता दिइने र परिच्छेद १ को दफा ५(घ) अनुसार बालबालिकाको हकमा भत्ता पाउने सुरु मितिको गणना गर्दा जन्म दर्ता प्रमाण पत्र सहित दरखास्त दिएको पछिल्लो चौमासिकदेखि गणना गरिने व्यवस्था छ । यस कार्यालयले बालबालिकालाई भत्ता वितरण गर्दा जन्मेको मितिदेखि र ५ वर्ष उमेर पुगेकालाई निम्नानुसार भत्ता वितरण गरेको असुल गर्नुपर्ने रु. | ३८८००.०० | |

| भौ.नं. र मिति | वडा नं. | बालबालिकाको नाम | जन्म मिति | जम्मा पाउने महिना | वितरण रकम | पाउने रकम | नपाउने रकम |
|---|---|---|---|---|---|---|---|
| २७-०७५/३/५ | १३ | विवेक कुमार विश्वकर्मा | २०६९/८/२६ | ५ | ४८००.०० | २०००.०० | २८००.०० |
| ४७-०७५/३/२० | ११ | मौसम कुमार लामगादे | २०७४/८/१७ | ४ | २८००.०० | १६००.०० | १२००.०० |
| ३१-०७५/३/८ | २ | पार्वती विश्वकर्मा | २०७४/७/२ | ८ | ३६००.०० | ३२००.०० | ४००.०० |
| ३१-०७५/३/८ | २ | जिनिसा परियार | २०७४/७/१० | ८ | ३६००.०० | ३२००.०० | ४००.०० |
| ३१-०७५/३/८ | २ | लक्ष्मी कुममारी परियार | २०७४/६/२२ | ८ | ४०००.०० | ३२००.०० | ८००.०० |
| ३१-०७५/३/८ | २ | विविसा परियार | २०७४/११/१५ | ४ | २०००.०० | १६००.०० | ४००.०० |
| ३१-०७५/३/८ | २ | यूनिसा परियार | २०७४/९/१७ | ४ | २०००.०० | १६००.०० | ४००.०० |
| | ४ | दिपेन्द्र सिरुवाल | २०६९/१२/९ | ९ | ४८००.०० | ३६००.०० | १२००.०० |
| | ७ | अभिषेक महरा | २०६९/१०/३० | ७ | ४८००.०० | २८००.०० | २०००.०० |
| | ६ | यूनिक वि.क. | २०७४/४/१४ | ८ | ४८००.०० | ३२००.०० | १६००.०० |
| ४२-०७५/३/१४ | १४ | आईषा वि.क. | २०७४/७/१४ | ८ | ४८००.०० | ३२००.०० | १६००.०० |

ट उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी । | आर्थिक वर्ष:–२०७४।७५

| ा नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४४-०७५/३/१८ | १२ | सुसान्त वि.क. | २०७४/९/२८ | ४ | ४०००.०० | १६००.०० | २४००.०० |
| ४४-०७५/३/१८ | १२ | नन्दीनी कुमारी पासवान | २०७४/६/२ | ८ | ४८००.०० | ३२००.०० | १६००.०० |
| ४८-०७५/३/२० | ३ | सुहाना विश्वकर्मा | २०६९/९/४ | ६ | ४८००.०० | २४००.०० | २४००.०० |
| ४८-०७५/३/२० | ३ | शुशिला मगराती | २०६८/७/५ | ० | ४८००.०० | ० | ४८००.०० |
| ४८-०७५/३/२० | ३ | रुपेश बराईली | २०६९/४/१२ | १ | ४८००.०० | ४००.०० | ४४००.०० |
| ४८-०७५/३/२० | ३ | आशिया परियार | २०६९/५/१४ | २ | ४८००.०० | ८००.०० | ४०००.०० |
| ४८-०७५/३/२० | ३ | समुद्धि विश्वकर्मा | २०६९/११/९ | ६ | ४८००.०० | २४००.०० | २४००.०० |
| ४८-०७५/३/२० | ३ | कन्चन आछामी | २०७४/४/१७ | ८ | ४८००.०० | ३२००.०० | १६००.०० |
| ४८-०७५/३/२० | ३ | श्रेया विश्वकर्मा | २०७४/९/१८ | ४ | २४००.०० | १६००.०० | ८००.०० |
| ४८-०७५/३/२० | ३ | यूनिका परियार | २०७४/६/११ | ८ | ४८००.०० | ३२००.०० | १६००.०० |
| | | | | | | जम्मा: | [illegible]८००.०० |

४. भौ.नं.३५ मिति २०७५।३।८ बाट वडा नं.५ ले विधवा हेम मायालाई पहिलो र दोस्रो किस्तामा ७० माथि जेष्ठ नागरिकको भत्ता दिन छुट भनी रु.४,०००।- का दरले १६,०००।- वितरण गरेकोमा मूल अभिलेखमा भिडान नभएकोले ३ वटै किस्ताको रु.८,०००।- दरले रु.२४,०००।- अभिलेख भिडान हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. --- | २४०००.००

**पेश्की बाँकी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिइएको रक म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ। कार्यालयले यस वर्ष भुक्तानी दिएको निम्नानुसारको पेश्की रकम आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेकोले समयमा फछ्र्यौट गराउनु पर्ने देखिएको रु. ----- | २४७०००.००

| क्र.सं. | पेश्की लिनेको नाम | पेश्की रु. |
|---|---|---|
| १. | सहायक श्री नारायण बहादुर सेन | ८००००.०० |
| २. | ह.स.चालक श्री निर बहादुर मल्ल | २६०००.०० |
| ३. | सहायक श्री नारायण बहादुर सेन | ९००००.०० |
| ४. | हेभी स.चालक श्री युग बहादुर खड्का | २६०००.०० |
| ५. | अमिन श्री मनोज कुमार सिंह | २५०००.०० |
| | जम्मा | **२४७०००.००** |

**वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ। गाउँपालिकाले नियम विपरीत हानी नोक्सानी हुनेगरी खर्च गरेको तथा नियमावलीको पालना गाउँको अवस्था देखिन आएन। यद्यपी कार्यालयको आफ्नै कार्यालय भवन नरहेको, आन्तरिक लेखापरीक्षण

ेट उप–शीर्षक:– विभिन्न  कार्यालय:– श्री वर्दिवास नगरपालिकाको कार्यालय, महोत्तरी ।  आर्थिक वर्ष:–२०७४।७५

| ा नं. | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | गाउँको, अन्तिम लेखापरीक्षणबाट औल्याएको वेरुजू फछ्र्यौटको कार्यतालिका नबनाएको, खरिद कार्यमा पूर्ण रुपमा लागत अनुमान तयार गर्ने गाउँको, जिन्सी सामानको मर्मत तथा लिलामीको कारबाही गाउँको लगायतका व्याहोरा देखिन आएकोले सोमा सुधार गरी वित्तीय जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ । गाउँपालिकाको समग्र वित्तीय जवाफदेहिता पालनाको स्तर ग्रेड सी (B) रहेको छ । वित्तीय जवाफदेहिताको सूचिगत विवरण यसैसाथ संलग्न छ । | | |
| | **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | | |
| | (तालिका १) | | |
| | अद्यावधिक वेरुजू स्थिति : गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ : | | |
| | (तालिका २) | | |
| | उल्लेखित ऐन वमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण वेरुजू असुल फछ्र्यौट गरिनुपर्दछ । | | |

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| २६४७०००.०० | ० | २६४७०००.०० |

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C) | यो वर्षको सं.पं बाट कायम वेरुजू (रु) (D) | यो वर्षको कायम वेरुजू (रु) (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| २६४७०००.०० | ० | १८०६०३९२.८८ | २०७०७३९२.८८ |